नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७६/७७
च.नं.: ४९

मिति २०७६।०८।०८

श्री स्थानीय तह (सबै),

विषय : राय उपलब्ध गराउने सम्बन्धमा ।

उपर्युक्त विषयमा श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त च.नं. ५९ मिति २०७६।०७।२८ को पत्र तथा "बालश्रम मुक्त पालिका घोषणा गर्ने सम्बन्धी कार्यविधि, २०७६" को मस्यौदा यसैसाथ संलग्न छ । सो पत्रमा उल्लेख भएअनुसार सो कार्यविधिको मस्यौदामा तहाँको राय देहायको ईमेलमा उपलब्ध गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

Email:
rajeshworij@gmail.com

बोधार्थ :
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

बन्दना कर्ण
(शाखा अधिकृत)

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

पत्र संख्या: २०७६।७७ चलानी संख्या : बा.श्र.नि.व्य.सु ४९

मिति: २०७६/०७/२८

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषय: राय/ प्रतिक्रिया/ सुझावका लागि

"बालश्रममुक्त पालिका घोषणा गर्ने सम्बन्धी कार्यविधि" को मस्यौदा यसैसाथ संलग्न रहेको छ। उल्लेखित कार्यविधिको मस्यौदा उपर राय/प्रतिक्रिया/सुझावका लागि सबै स्थानीय तहमा प्रेषित हुने व्यवस्था गराईदिनुहुन मिति २०७६/०७/२८ को निर्णयानुसार अनुरोध छ।

(राजेश्वरी सापकोटा)
शाखा अधिकृत

# बालश्रममुक्त पालिका घोषणा कार्यविधि

२०७६

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२०७६

# बालश्रममुक्त पालिका घोषणा कार्यविधि, २०७६

प्रस्तावना: नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ। साथै संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ। प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संवैधानिक हकको व्यवस्था समेत गरेको छ।

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा अठार वर्ष पूरा नगरेका बालबालिकालाई काममा लगाउन नपाउने व्यवस्था छ। श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाउने व्यवस्था छ । यसैगरी बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि पालिका तहबाट बालश्रमको अन्त्य गर्दै राष्ट्रलाई बालश्रम मुक्त गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि तयार गरेको छ।

## परिच्छेद-१

१. प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बालश्रम मुक्त पालिका घोषणा कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ग) "बालश्रमिक" भन्नाले जबरजस्ती वा बाध्यकारी वा जोखिमपूर्ण वा निकृष्ट वा शोषणयुक्त प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भएका बालबालिका सम्झनु पर्छ।

(घ) "पालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका गाँउपालिका र नगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

### उद्देश्य र लक्षित समूह

३. **उद्देश्य:**

पालिकाहरुलाई बालश्रम मुक्त पालिका घोषणा गर्ने कार्यमा सहजता एवम् एकरुपता ल्याउन तथा पालिकाहरुलाई दिगो रुपमा बालश्रम मुक्त बनाउन सहयोग पुर्‍याँउदै मुलुकलाई बालश्रम रहित बनाउनु

४. **लक्षित समूह:**

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५) बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै पालिकाका देहाय बमोजिमको क्षेत्र एवम् यस्तै अन्य क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ।

(१) घरेलु बालश्रम,
(२) बाल भरिया,
(३) कृषि बालश्रम,
(४) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,
(५) बुनाई बालश्रम,
(६) ईट्टा उद्योगको बालश्रम,

(७) खानी क्षेत्रको बालश्रम,

(८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),

(९) यातायात क्षेत्रको बालश्रम,

(१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,

(११) छिमेकी देशमा पुर्‍याईएका बालश्रम,

(१२) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम,

(१३) माग्ने काम गरिरहेका बालश्रम,

(१४) सडक व्यापारमा संलग्न बालश्रम,

(१५) जडीबुटी सङ्कलन गर्ने बालश्रम,

(१६) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

(१७) होटेल रेष्टुराँका बालश्रम।

## परिच्छेद ३

## बालश्रम मुक्त घोषणाका सूचक

देहाय बमोजिमका सूचकहरु बालश्रम मुक्त पालिका घोषणाका लागि न्यूनतम मापदण्डको रुपमा रहनेछन्।

५. अद्यावधिक तथ्याङ्क र अभिलेखिकरण:

(क)पालिकाले प्रत्येक वडामा जन्मेका सबै बालबालिकाको पहिचान सहितको जन्म दर्ताको विवरण,

(ख)बालबालिकाको परिवारको आर्थिक-सामाजिक अवस्था सहितको विवरण,

(ग) बालबालिकाको अवस्था सम्बन्धी अध्यावधिक स्थितिपत्र (Status Paper ) प्रकाशन,

(घ) पालिकास्थित बालश्रमसंग सम्बन्धित विभिन्न सरोकारवालाहरुको (स्थानीय प्रशासन, विद्यालय, विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बालक्लब, हेल्पलाईन वा हटलाईन आदि) नक्साङ्कन अभ्यास (mapping exercise) र

(ङ) बालबालिकासम्बन्धी प्रकरण (क) देखि (घ) सम्मका विवरण र नक्साङ्कन अभ्यासको अभिलेखिकरण।

६. बालश्रम निवारण नीति:

(क)पालिकामा बालश्रम निवारणको छुट्टै नीति वा बालबालिकाको हित सम्बन्धी व्यवस्था अन्य नीतिमा समावेश।

७. बालश्रम निवारणका लागि कार्यक्रम सञ्चालन:

(क)बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श सम्बन्धी कार्यक्रम,

(ख)बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम,

(ग) विद्यालय उमेर पुरा भएका तर पढाई अनियमित भएका (१५ देखि १८ वर्ष सम्मका) बालश्रमिकका लागि सिपमूलक कार्यक्रम,

(घ) स्थानीय स्तरमा क्रियाशील संघ संस्था, नागरिक समाज एवम् व्यवसायीहरु लक्षित बालश्रम सम्बन्धी चेतनामूलक कार्यक्रम,

(ङ) बालश्रम हुनसक्ने सम्भावित क्षेत्रहरुबाट बालश्रम नराख्ने प्रतिवद्धता जाहेर गरिएको पत्र वा अन्य दस्तावेज र

(च) बालश्रम विरुद्ध प्रतिवद्ध एवं सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम।

८. बालश्रम निवारणका लागि आवश्यक साधनश्रोत र

(क)बालश्रम निवारणको लागि बजेट विनियोजन र

(ख)बालबालिकाको क्षेत्र हेर्ने गरी पालिका तहमा कर्मचारी वा शाखाको व्यवस्था

९. संस्थागत व्यवस्था:

(क)बालश्रम निवारणका लागि सक्रिय बालक्लब र अन्य सञ्जालहरुको विकास,

(ख)बालबालिका ऐन, २०७५ ले व्यवस्था गरे बमोजिमको बालअधिकार समितिको व्यवस्था र

(ग) उद्धार गरिएका बालबालिकालाई राख्नको लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्था।

नोट: यस प्रयोजनका लागि अल्पकालीन संरक्षण केन्द्र पालिका स्वयम्ले निर्माण गर्न सक्ने वा सम्बद्ध संघसंस्था वा छिमेकी पालिकासंगको समन्वय र सहकार्यमा समेत व्यवस्था गर्न सकिने।

१०. बालश्रम अनुगमन तथा कारवाहीका लागि संयन्त्र:

(क) पालिका अन्तर्गतका विभिन्न क्षेत्रमा अनुगमन गरी बालश्रम भए नभएको यकीन गर्न बालश्रम अनुगमन तथा मूल्यांकन संयन्त्र गठन,

(ख)बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार र

नोट: यसरी उद्धार गरिएका बालबालिकालाई यस कार्यविधिको दफा ९ (ग) बमोजिम स्थापना गरिएको अल्पकालीन संरक्षण केन्द्रमा राख्न पर्नेछ।

(ग) बालश्रम राख्ने दोषीलाई कानूनी कारवाहीको लागि सिफारिश।

११. शिक्षाको अवस्था:

(क)विद्यालयमा बालबालिकाको भर्ना, कक्षामा नियमितता, सिकाइ उपलब्धीमा गुणात्मक प्रगति जस्ता विषयमा प्रत्येक विद्यालयद्वारा तयार भएको विवरण,

(ख) विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्ना दर कम्तिमा ९५ प्रतिशत

(ग) विद्यालय छोड्नेको दर घट्दो।

१२. सहयोग, समन्वय र सहकार्यको व्यवस्था:

(क) पालिकाले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, श्रमिक संगठन, नागरिक समाज, गैरसरकारी संघसंस्थासंग बालश्रम निवारणका लागि गर्नुपर्ने सहयोग, समन्वय र सहकार्यका लागि भएका पत्राचार, छलफल, बैठक तथा यस्तै अन्य विषय।

## परिच्छेद ४

## श्रोतको व्यवस्था तथा अनुगमन र मुल्याङ्कन

१३. बालश्रम मुक्त पालिका घोषणाका लागि श्रोतको व्यवस्था:

१. प्रदेश सरकार तथा स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रममा विनियोजित रकम,

२. गैरसरकारी संस्था तथा अन्य विकास साझेदार वा अन्य श्रोतबाट प्रचलित कानून बमोजिम प्राप्त सहयोग रकम र

३. उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको श्रोत बाहेक नेपाल सरकारले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम उपलब्ध गराउने रकम।

१४. घोषणा भएका वा बालश्रम मुक्त पालिकाको अनुगमन तथा मूल्यांकन:

१. राष्ट्रियस्तरको समग्र अनुगमन तथा मूल्यांकन बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) को व्यवस्था बमोजिमको अनुगमन तथा मूल्यांकन समितिले वा समितिले तोके बमोजिमको संयन्त्रले गर्न सक्नेछ।

२. सम्बन्धित प्रदेशले आफ्नो प्रदेश भित्रका पालिकाहरुको अनुगमन तथा मूल्यांकनका लागि छुट्टै संयन्त्र बनाउन सक्नेछ।

३. सम्बन्धित पालिकाले घोषणा कार्यान्वयनको अवस्था अनुगमनका लागि छुट्टै संयन्त्र बनाउन सक्नेछ।

## परिच्छेद ५

### विविध

१५. सूचक थप गर्न सकिने: यो कार्यविधिको मूल भावना र मर्म विपरित नहुने गरी स्थानीयस्तरको विविधता अनुरुप सम्बन्धित पालिकाले अतिरिक्त सूचक बनाई कार्यान्वयन गर्न सक्नेछ।

१६. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

१७. बाधा अड्काउ फुकाउन सक्ने: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

(५५)

## टिप्पणी र आदेश

मिसिल नं.

विषयः बालश्रममुक्त पालिका घोषणा गर्ने सम्बन्धी कार्यविधि

श्रीमान,

प्रस्तुत विषयमा स्थानीय तहलाई बालश्रममुक्त गर्ने कार्यमा सहभागीकरणका लागि "बालश्रम मुक्त पालिका घोषणा कार्यविधि, २०७५ को मस्यौदा उपर (संलग्न बमो) देहाय बमोजिमका सरोकारवाला निकायहरूको राय, परामर्श प्राप्त गर्न उपयुक्त हुने देखि निर्णयार्थ पेश गरेको छु।

(१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(२) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(३) गृह मन्त्रालय

(४) सबै प्रदेशहरू - प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय मार्फत

(५) सबै स्थानीय तहहरू - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत

[signature] २०७५-०५-२८

श्रीमान् सचिव ज्यू,

पेश भए बमोजिमको मस्यौदामा उल्लेखित निकाय सम्बन्धीत निकायको राय परामर्श लिई कार्यविधि स्वीकृत गर्नु उपयुक्त नै हुने देखिंदा सो बमोजिम गर्न गराउन गरी निर्णय हुन पेश गर्दछु।

[signature] २०७५।०५।२८

सुजन ओलाखे (व.का.नि)

[signature] २०७५।०५।२८ (राम कुमार घिमिरे)

सदर [signature] ०७५।०५।२८ सहसचिव